आज मिति २०७८।२।२० गते झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनाज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति DCMC (District Covid Management Committee) को बैठक बसी देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी, श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

सहायक प्रमुख जिल्ला अधिकारी, श्री तिलोचन रिमाल, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजंग थापा, नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेशकुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

उप-अनुसन्धान निर्देशक, श्री तिलक शर्मा प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

मेडीकल सुपरीटेन्डेन्ट डा., श्री पिताम्बर ठाकुर, मेची अस्पताल, झापा

नि. जिल्ला समन्वय अधिकारी, श्री कृष्ण कार्की, जिल्ला समन्वय समितिको कार्यालय, झापा

आमन्त्रित

जिल्ला समन्वय प्रमुख, श्री सोमनाथ पोर्तेल, जिल्ला समन्वय समिति, झापा

नगर प्रमुख, श्री रोमनाथ ओली, दमक नगरपालिका, झापा

नगर प्रमुख, श्री ध्रुवकुमार शिवाकोटी, विर्तामोड नगरपालिका, झापा

नगर प्रमुख, श्री विमल आचार्य, मेचीनगर नगरपालिका, झापा

नगर प्रमुख, श्री जीवनकुमार श्रेष्ठ, भद्रपुर नगरपालिका, झापा

नगर प्रमुख, श्री राजेन्द्रकुमार पोखरेल, कनकाई नगरपालिका, झापा

नगर प्रमुख, श्री चन्द्रकुमार शेर्मा, शिवसताक्षी नगरपालिका, झापा

नगर प्रमुख, श्री हरीकुमार राना, अर्जुनधारा नगरपालिका, झापा

नगर प्रमुख, श्री रोहितकुमार शाह, गौरादह नगरपालिका, झापा

अध्यक्ष, श्री मेनुका काफ्ले, कमल गाउँपालिका, झापा

अध्यक्ष, श्री बाबुराजा श्रेष्ठ, गौरीगञ्ज गाउँपालिका, झापा

अध्यक्ष, श्री अन्जरा आलम, कचनकवल गाउँपालिका, झापा

अध्यक्ष, श्री रमेशकुमार भुजेल, बुद्धशान्ति गाउँपालिका, झापा

अध्यक्ष, श्री रविन्द्रप्रसाद लिङ्देन, हल्दिवारी गाउँपालिका, झापा

अध्यक्ष, श्री खड्गप्रसाद राजवंशी, बाह्रदशी गाउँपालिका, झापा

अध्यक्ष, श्री जयनारायण शाह, झापा गाउँपालिका, झापा

प्रतिनिधि, श्री असारु राजवंशी, नेपाल कम्युनिष्ट पार्टी (एमाले), झापा

सभापति, श्री उद्धव थापा, नेपाली कांग्रेस, झापा

प्रतिनिधि, श्री कुवेर श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), झापा

अध्यक्ष, श्री अनुतसिंह राजवंशी, जनता समाजवादी पार्टी, झापा

अध्यक्ष, श्री केशव ओझा, राष्ट्रिय प्रजातन्त्र पार्टी, झापा

नि. कार्यालय प्रमुख, श्री इश्वरी पौडेल, स्वास्थ्य कार्यालय, झापा

सभापति, श्री लोकराज ढकाल, नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

अध्यक्ष, टीकाराज ढकाल, प्रदेश उद्योग वाणिज्य संघ प्रदेश नं १

कार्यक्रम अधिकृत, श्री जीवन चौलागाँई, स्वास्थ्य कार्यालय, झापा

अध्यक्ष, श्री महेन्द्र गिरी, एकका लागि एक अभियान, झापा

अध्यक्ष, हरीप्रसाद गौतम, गै.स.स. महासंघ, झापा

पुर्व सभापति, चिन्तामणी दहाल, पत्रकार महासंघ, झापा

निर्णयहरु:-

१. दोस्रो लहरको कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि हाल जारी गरिएको निषेधाज्ञालाई २०७८ जेठ मसान्तसम्म निरन्तरता दिने । खाद्यान्न, फलफुल, तरकारी, मासु, तथा दुध डेरी पसल हप्ताको २ (दुई) दिन आईतबार र बुधबार मात्र विहान ६:०० बजे देखी विहान ९:०० बजे सम्म सञ्चालन गर्न पाईने । माथि उल्लेखित पसलहरुले पसल सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, सो को प्रभावकारी अनुगमन सम्वन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय प्रहरी ईकाईहरुले गर्ने । साथै विकास निर्माण संग सम्वन्धित सामाग्रीहरु ढुवानी गर्ने सवारी साधनहरु मात्र वेलुकी ८:०० बजे देखी विहान ५:०० बजे सम्म सञ्चालन गर्न पाईने ।

२. जिल्लामा हाल सरकारी स्तरमा मेची अस्पतालका साथै विभिन्न निजी अस्पतालहरुले समेत कोरोनाको यस महामारीमा संक्रमितहरुको सहज उपचारको व्यवस्था मिलाएको हुँदा सम्वन्धित सबै अस्पतालहरुलाई हार्दिक धन्यवाद दिने । साथै संक्रमितको उपचारलाई अझ सरल र सहज बनाउनको लागि नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही जिल्ला भित्र एकरुपता हुने गरी सेवा शुल्क निर्धारण गरी सार्वजनिक गर्न अनुरोध गर्ने।

३. कोभिड-१९ संक्रमितको उपचार गर्दै आएका निजी अस्पतालहरुले समेत गरिव तथा असहाय व्यक्तिहरुको लागि विषेश व्यवस्था गरी गरिवीकै कारण उपचारको अभावमा कुनै पनि व्यक्तिले मृत्युवरण गर्ने अवस्था सृजना हुन नदिन आवश्यक व्यवस्था मिलाउन अनुरोध गर्ने ।

४. जिल्लामा हालसम्म कुनै पनि अक्सिजन प्लान्ट सञ्चालनमा नरहेको हुँदा हालसम्म सुनसरी तथा मोरङ्ग जिल्ला स्थित अक्सिजन प्लान्टहरुबाट आपुर्तिकर्ता मार्फत जिल्लाका अस्पतालहरुमा अक्सिजन सिलिण्डर आपुर्ति हुदै आएकोमा हालको विषम परिस्थितिका कारण यस जिल्लाको आवश्यकता अनुसार सुनसरी तथा मोरङ्गबाट अक्सिजन सिलिण्डरहरु आपुर्तिमा समस्या हुने गरेकोले जिल्लामा नै अक्सिजन प्लान्ट स्थापना गर्न अनिवार्य भएको हुँदा जिल्लाका ठुला अस्पतालहरुले थयासक्य चाँडो अक्सिजन प्लान्टहरु स्थापना गरी सञ्चालनको व्यवस्था मिलाउन अनुरोध गर्ने ।

५. हाल केही पालिकाहरु तथा एकका लागि एक अभियान जस्ता संघ/संस्थाहरुले समेत अक्सिजन प्लान्ट स्थापनाको लागि अग्रसर भएको पाईएको हुँदा सो कार्य प्रति सम्मान व्यक्त गर्दै अग्रसर लिने सम्वद्ध सबै पक्षहरुलाई सामूहिक रुपमा जिल्लाको आवश्यकता अनुसार उपयुक्त स्थानमा यथासिघ्र अक्सिजन प्लान्ट स्थापना गरी सञ्चालन गर्न अनुरोध गर्ने । यस कार्यको लागि जिल्ला समन्वय समिति झापाले आवश्यक समन्वय तथा सहजीकरण गर्न अनुरोध गर्ने ।

६. प्रदेश स्काउट बिराटनगरले नेपाली सेनाको सहयोगमा यस जिल्लामा समेत कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्वन्धी तालिम सम्पन्न गरिसकेको र त्यस्ता तालिम प्राप्त जनशक्तिहरु स्थानीय स्तरमा नै रहेको हुँदा शव व्यवस्थापनको लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्री, सवारी साधन तथा क्वारेन्टीनको व्यवस्था गरी शव व्यवस्थापनलाई थप सहज बनाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

७. कोभिड-१९ संक्रमित भई होम आईसोलेसनमा बसेका व्यक्तिहरुको नियमित स्वास्थ्य जानकारी लिन र नेपाल सरकारले तोकेको होम आईसोलेसन मापदण्ड कार्यान्वयन हुन नसक्ने अवस्थामा रहेको संक्रमितलाई सामुहिक आईसोलेसन तयार गरी उक्त आईसोलेसनमा राख्ने व्यवस्था मिलाउन सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

८. कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रणको लागि प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको निषेधाज्ञा राजमार्ग तथा शहरी क्षेत्रहरुमा प्रभावकारी रुपमा पालना भएकोमा ग्रामीण क्षेत्रहरुमा निषेधाज्ञाको साथै स्वास्थ्य सुरक्षा मापदण्डको पुर्ण रुपमा पालना भएको नपाईएको हुँदा संक्रमणको रोकथाम तथा नियन्त्रमा कठिनाई हुने देखिएकोले त्यस्ता क्षेत्रहरुमा समेत निषेधाज्ञाको पूर्ण पालना गर्ने/गराउने ।

९. संक्रमित भएका व्यक्तिहरु निको भई संक्रमण मुक्त भएको यथार्थ विवरण समयमा नै जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य कार्यालय झापामा प्राप्त नभएकोले विवरण अद्यावधिक गर्न कठिनाई भएको हुँदा सो को विवरण दैनिक रुपमा सबै पालिकाहरुले उपलब्ध गराउन अनुरोध गर्ने ।

१०. सबै पालिकाहरुमा सञ्चालनमा रहेका आईसोलेसन सेन्टरहरु मध्ये केही आईसोलेसन सेन्टरहरुमा बाहेक कोभिड-१९ का संक्रमितहरुको उपचार हुन सक्ने अवस्था नरहेको साथै सो कार्यको लागि जनशक्ति तथा स्रोतसाधन बढी लाग्ने देखीएको हुँदा सम्भव भए सम्म राजमार्ग केन्द्रित एकिकृत आईसोलेसन सेन्टरहरु तयार गरी सञ्चालन गर्न सबै पालिकाहरुलाई अनुरोध गर्ने ।

११. कोभिड-१९ उपचार गराईरहेका अस्पतालहरुमा अक्सिजन सिलिण्डरको अभावको कारण विरामीहरुको उपचारमा समस्या भएमा पालिकाका आईसोलेसन सेन्टरहरुमा प्रयोग विहिन रहेका अक्सिजन सिलिण्डरहरु अस्पतालमा ल्याई प्रयोग गर्ने । यस कार्यमा सबै पालिकाहरुले आवश्यक सहयोग तथा सहजिकरण गर्ने ।

१२. धानको विउ छर्ने तथा धान रोप्ने समय नजिक आईरहेकोले मलखाद, विउविजन खरिदविक्री तथा कृषि सम्वन्धी कार्यको लागि कृषकहरुलाई स्थानीय सुरक्षा ईकाईले आवश्यक सहजीकरण गर्ने ।

१३. कोभिड-१९ का संक्रमित व्यक्तिको उपचारमा अग्रभागमा रही उपचार गर्ने स्वास्थ्यकर्मीहरु माथि हुन सक्ने हमला प्रति सजग भई त्यस्ता घटना हुन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने ।

१४. यस जिल्लामा ६५ वर्ष माथिका कोभिड-१९ को खोप (कोभीसिल्ड) लगाउन छुट भएका व्यक्ति र अन्य उमेर समूहका व्यक्तिका लागि कोभिड-१९ को भ्याक्सिन यथासक्य चाँडो उपलब्ध गराईदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाण्डौलाई अनुरोध गर्ने ।

१५. कोभिड-१९ संक्रमतिको उपचार तथा सहयोगको नाममा विभिन्न व्यक्ति, समूह तथा संघसंस्थाहरुबाट रकम उठाउने गरेको भन्ने सूचना प्राप्त भएकोले सो कार्य हुन नदिने र रकम उठाउने गरेको पाईएमा कानून बमोजिम आवश्यक कार्वाही गर्ने ।

१६. संक्रमणको दर बढी देखिएका पालिकाहरुमा आवश्यकता अनुसार सम्वन्धित पालिकाहरुले निशेधाज्ञालाई थप कडाई गर्न सक्ने ।

१७. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारमा आवश्यक पर्ने अक्सिजन सिलिण्डर, पि.पि.ई., माक्स, स्यानिटाईजर लगायत अत्यावश्यक सामाग्रीहरु उपलब्ध गराउने नेपाल रेडक्रस झापा शाखा, एकका लागि एक अभियान, सहयोगी हातहरु लगायत विभिन्न संघ संस्थाहलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।